**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ सितम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बङ्गालको मुख्यमंत्री ममता बनेर्जीले बाडी प्रभावित क्षेत्रको भ्रमण गर्दै केन्द्र सरकार एवम दामोदर भ्याली कर्पोरेशन संग असन्तुष्टी व्यक्त गर्नु भयो।

२. पुजा बोनसलाई लिएर पहाडका बिभिन्न चियाबारीहरु गेट मिटिङ जारी।

३. हिन्दी पखवाड़ा कार्यक्रमहरूको श्रृंखलामा आकाशवाणी खरसांगका नियमित कर्मचारीहरूबीच हिन्दी कविता प्रतियोगिता सम्पन्न भयो।

४. राष्ट्रपति द्रौपदी मुर्मूले विगत १० बर्षमा **स्वच्छता अभियान** राष्ट्रव्यापी अभियान बनेको र यसले देशमा अभूतपूर्व परिवर्तन ल्याएको बताउनु भयो।

५. प्रधानमन्त्री नरेन्द्र मोदीले जम्मु काश्मिरलाई राज्यको दर्जा पुनर्स्थापित गरिने वाचा सरकारले पूरा गर्ने बताउनु भयो नेपालमा आज संविधान दिवस मनाइँदैछ।

**राष्ट्रपति- सफाई मित्र सम्मेलन**

राष्ट्रपति द्रौपदी मुर्मुले महाकालको नगरी उज्जैनमा संस्कृति अनि सभ्यताको परंपरा सदियों देखि निरंतर विद्यमान रहेको बताउनु भएको छ। आज उज्जैनमा सफाई मित्र सम्मेलनलाई संबोधित गर्दै राष्ट्रपतिले उक्त बताउनुभयो। राष्ट्रपतिले यस अवसरमा उज्जैन अनि इंदौर बीच छ लेनको राजमार्गको वर्चुअल भूमि पूजन पनि गर्नु भयो।

राष्ट्रपति द्रौपदी मुर्मुले अझ भन्नुभयो पछिल्लो 10 वर्षमा **स्वच्छता अभियान** एक राष्ट्रव्यापी अभियान बनेको छ। यसले देशमा अभूतपूर्व परिवर्तन आएको छ। मलाई यो जानेर खुसि लागेको छ कि मध्य प्रदेशको धेरै शहरलाई **सफाई मित्र** सुरक्षित शहर घोषणा गरिएको छ। उहाले अझ भन्नु भयो 2025 सम्म चल्ने **स्वच्छ भारत अभियान को दोश्रो** चरणमा हामिले पूर्ण स्वच्छताको लक्ष्य प्राप्त गर्नु पर्छ।

****** ० ******

**जम्मू-कश्मीर प्रधानमंत्री रैली**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज श्रीनगरमा चुनावी सभालाई सम्बोधन गर्नुभयो भने २५ सेप्टेम्बरमा जम्मु काश्मिरमा हुने दोस्रो चरणको विधानसभा चुनावमा रेकर्ड संख्यामा मतदान गर्न अपिल गर्नुभयो । जम्मु काश्मिरलाई राज्यको दर्जा पुनस्थापित गर्ने सन्दर्भमा श्री मोदीले संसदमा दिएको बयानलाई पुरा गर्दै जम्मू र कश्मीरमा राज्यको दर्जा पुनर्स्थापित गरिने वाचा सरकारले पूरा गर्ने बताउनु भयो। श्री मोदीले भन्नुभयो , 'जम्मु काश्मिरका जनताले ठूलो संख्यामा मतदान गरेर नयाँ इतिहास रचेका छन्। सो अवसरमा जम्मु काश्मिरका पूर्व उपमन्त्री निर्मल सिंह, जम्मू–कश्मीर वक्फ बोर्डका अध्यक्ष डार्कशाना अन्द्राभी, राज्यसभा सदस्य गुलाम अली खटाना र जम्मु–कश्मीरका विभिन्न विधानसभा निर्वाचन क्षेत्रबाट चुनाव लडेका भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवारको उपस्थिति थियो।

****** ० ******

**ममता बनेर्जी**

पश्चिम बङ्गालको मुख्यमंत्री ममता बनेर्जीले आज पूर्व मेदिनीपुर जिल्लाको पाशकुडामा बाडी प्रभावित क्षेत्रको भ्रमण गर्नु भयो अनि फेरि एक पल्ट केन्द्र सरकार एवम दामोदर भ्याली कर्पोरेशन संग असन्तुष्टी व्यक्त गर्नु भयो। मुख्यमंत्रीले स्पष्ट भन्नु भयो यदि दामोदर भ्याली कर्पोरेशनले पानी छोडेर यसरीनै मानिसहरू लाई कष्ट दिइ रहे राज्य सरकारले कर्पोरेशनसंगको सम्बन्ध समाप्त गर्ने छ। यसका साथै उहाँले यस मामिलालाई लिएर ठूलो आन्दोलनको पनि चेतावनी दिनु भयो। अर्कोतिर मुख्यमन्त्रीले बाडी प्रवाहित क्षेत्रको स्थानिय मानिसहरू सँग कुराकानी गर्नुको साथै उहाँले जिल्ला अनि पुलिस प्रशासनलाई आवश्यक कदम उठाउने निर्देश दिनु भएको छ।

****** ० ******

## पश्चिम बंगाल डाक्टर

राज्यको स्वास्थ्य विभाग र जुनियर डाक्टरहरुबीच लामो समयदेखि चलिरहेको गतिरोध समाधान हुन सकेको छैन। बुधबार राति १ बजेसम्म नवनमा लामो बैठक बसे पनि डाक्टरहरुको हडताल अन्त्य हुने आशा देखिएको छैन। उनीहरुका सबै मागमा मौखिक मात्रै सहमति भएको डाक्टरहरु बताउँछन्। हालसम्म लिखित रूपमा कुनै ठोस आश्वासन प्राप्त भएको छैन। यसबाट उनीहरु निराश छन्। बैठकपछि डा रुमेलिका कुमारले स्वास्थ्य भवन बाहिर पत्रकारहरुसँग भन्नुभयो 'हाम्रो सबै मागमा मुख्य सचिवले सहमति जनाएका छन्, तर बैठकको बिवरणमा हस्ताक्षर गर्न तयार छैनन् इमेलमार्फत गरिएको 'लाइभ स्ट्रिमिङ'को माग पूर्णरुपमा सही सावित भएकोले दुवै पक्ष एकमत हुन नसक्दा डाक्टरहरु निराश भएका छन् बैठकमा मुख्य सचिवले अस्पतालमा सुरक्षा, अस्पतालमा शैयाको व्यवस्था, विद्यार्थी सङ्घको निर्वाचन, रेफरल प्रणालीलगायतका धेरै महत्वपूर्ण माग स्वीकृत गरेको डाक्टरहरु बताउँछन्। तर बैठकको कार्यविवरणमा उनीहरुको नाम उल्लेख थिएन। जुनियर डाक्टर अनिकेत महतोले स्वास्थ्य सचिवलाई बर्खास्त गर्ने र अन्य दुईवटा मागबारे मुख्य सचिवसँग भेट गरेको बताए। धेरै विषयमा छलफल भएपनि सहमति हुन सकेको छैन। हामीले मौखिक आश्वासन मात्र पाएका छौं। सरकारले ठोस कदम नचालेसम्म आन्दोलन जारी रहनेछ।डाक्टरहरुको माग अस्पतालमा सुरक्षा बढाउनुपर्ने, मेडिकल कलेजमा डरको राजनीति अन्त्य गर्ने, अस्पतालमा भर्ना प्रणालीलाई पारदर्शी बनाउन केन्द्रीय 'रेफरल प्रणाली' हुनुपर्नेलगायतका मागहरू डाक्टरहरूले राखेका छन्।यसका साथै चिकित्सकहरुले स्थायी कर्मचारी नियुक्ति र अस्पतालको संरचनागत सुधार गर्न पनि माग गरेका छन्। अस्पताल र कलेजमा लोकतान्त्रिक वातावरण सिर्जना गर्नका लागि मेडिकल कलेजमा विद्यार्थी युनियनको निर्वाचन र डाक्टरको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने पनि डाक्टरहरुले बताएका छन्।

****** ० ******

## ईडी

प्रवर्तन निदेशालय (ईडी) ले तृणमूल विधायक सुदीप्त रायलाई कोलकातास्थित आर.जी. कर अस्पताल एवं मेडिकल कलेजको कथित वित्तीय अनियमितताहरूसित सम्बन्धित मनी लन्ड्रिंग मामिलामा जाँचबुझको लागि बोलाएको छ। आधिकारिक सूत्र अनुसार उनलाई कोलकाताको ईडी कार्यालयमा पेश हुन भनिएको थियो।सुदीप्त राय पश्चिम बंगाल मेडिकल काउन्सिलका अध्यक्ष हुनका साथै आर.जी. कर अस्पतालको रोगी कल्याण समितिका प्रभारी पनि हुने। यस मामिलामा उनलाई पहिला पनि सीबीआईद्वारा जाँचबुझको लागि बोलाइसकिएको छ, किनभने सीबीआईले पनि यस मामिलाको जाँच गरिरेहको छ।

****** ० ******

## संदीपघोष

जेलमा बंद रहेको संदीप घोषले अब आफ्नो नाम अघि श्डॉक्टरश लेख्न पाउने छैनन्। पश्चिम बंगाल मेडिकल काउंसिलले आज आर.जी. कर अस्पतालका पूर्व प्राचार्य संदीप घोषको पंजीकरण रद्द गरि दिएको छ। आर.जी. कर अस्पतालमा भएको भ्रष्टाचार अनि हत्या र बलात्कार मामिलामा तथ्य मेटाएको आरोपमा सन्दिप घोष सीबीआई हिरासतमा रहेका छन्। राज्य मेडिकल काउंसिलले आफ्नो विज्ञप्तिमा बताएको छ कि छ सेप्तेम्बेर को दिन सन्दिप घोषलाई कारण बताउ नोटिस पठाएको थियो जसको संतोषजनक उत्तर नपाए पछि चिकित्सा पंजीकृत डॉक्टरको सूचीबाट घोषको नाम हटाइएको छ।

****** ० ******

## गृहमंत्री-सहकारी

केन्द्रीय गृह तथा सहकारिता मन्त्री श्री अमित शाहले आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय स्तरको सम्मेलनमा सहयोग मन्त्रालयको १०० दिनमा गरिएका परिवर्तनकारी पहलहरूको शृङ्खलाको उद्घाटन गर्नुभयो। सहकारदेखि समृद्धिको नाराका साथ श्री शाहले मन्त्रालयको १०० दिने अभियानको शुभारम्भ गर्नुभयो। यस अवसरमा उहाँले अछूत गाउँ वा पंचायतमा दुई लाख नयाँ एमपीएसीएस, प्राथमिक डेरी र मत्स्य सहकारीको गठन र सुदृढीकरण र श्वेत क्रान्तिको दोस्रो चरणको मानक सञ्चालन प्रक्रिया र सहकारीहरू बीच सहयोगको बारेमा एक गाइड पनि जारी गर्नुभयो।

****** ० ******

**पुजा बोनस**

पुजा बोनसलाई लिएर खरसाङ खण्ड अन्तर्गत रोहिणी चिया बगान पाईलाधुरा डिभिजनमा चिया श्रमिकहरुले बिहीवार गेट मिटिङ आयोजना गरियो। मिटिङमा रोहिणी चिया बगानमा श्रमिकहरुले 8.33 प्रतिशतको दरले बोनस कुनै हालतमा पनि नथाप्ने तथा बीस प्रतिशत नै दिनु पर्छ भनेर माग गरे भने औनदिएको खण्डमा भोलिको दिनमा सम्पूर्ण चिया श्रमिकहरुले बृहत रुपमा आन्दोलन गर्ने मालिक पक्षलाई चेतावनी दिए। यसैगरी पुजा बोनस 20 प्रतिशत नै दिनुपर्छ भन्ने मागमा दार्जिलिंगको सिंगताम चियाबगानमा गेट मिटिङ जारी छ। जब सम्म मालिक पक्षले मजदुरहरुलाई 20% प्रतिशतले पूजा बोनस दिदैन तबसम्म यो आन्दोलन जारी रहने मजदुर युनियनका पदाधिकारीहरु दिवस राई अनि डि के सुन्दास ले बताएका छन। उक्त बिषय लिएर सम्पूर्ण चिया श्रमिक लगायत बागानका प्रमुख प्रबन्धक एंव मालिकलाई पनि जानकारी गराएको उनीहरुले थप बताएका छन।

****** ० ******

**हिन्दी पखवाड़ा**

हिन्दी पखवाड़ा कार्यक्रमहरूको श्रृंखलामा आकाशवाणी खरसांगका नियमित कर्मचारीहरूबीच हिन्दी कविता प्रतियोगिता सम्पन्न भयो। आकाशवाणी प्रशासनीकविभागको कक्षमा आयोजित यस हिन्दी स्वरचित कविता प्रतियोगितामा प्रायः नियमित कर्मचारीहरूले सहभागिता जनाए। यस प्रतियोगिताको निर्णायक मण्डलीमा ड़ा. कमला लामा अनि ड़ा. महेश शर्मा बाहिरका विशेषरूको रूपमा उपस्थित थिए। आकाशवाणी खरसांगको राजभाषा प्रमुख ललति सेवाद्वारा संचालित यस प्रतियागितामा अध्यक्षता कार्यक्रम निष्पादक पारसचन्द्र आले ले गर्नुभयो तथा सामाचार प्रमुख अशोक चौरसिया पनि उपस्थित थिए। १३ सेप्टेम्बर देखि शुरू भएको यो हिन्दी पखवाड़ा ३० सेप्टेम्बरको दिन सम्पन्न हुनेछ। राजभाषा हिन्दीको प्रसार , प्रयोगलाई बढाउन आकाशवाणी खरसांगका नियमित कर्मचारीहरू बीच विभिन्न प्रकारको हिन्दीमा प्रतिस्पर्धा आयोजित गरिएको छ जसमा हिन्दी सम्भाषण हिन्दीमा निबन्ध ,हिन्दीमा अन्ताक्षरी आदि प्रतियोगिताहरू सामेल छनृ। हिन्दी पखवाड़मा केवल नियमित कर्मचारीहरूबीच नै प्रतियोगिता गराइन्छ।

****** ० ******

**स्वच्छता हि सेवा**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा आयोजित कार्यक्रम स्वच्छता ही सेवा देशव्यापी रूपमा चलिरहेको छ। यसैबीच यो कार्यक्रमले दार्जिलिङ पहाडका सर्वसाधारणमा जागरुक गराउन आकाशवाणीले प्रयास निरन्तर जारी राखेको छ। सुन्नुहोस स्वचछताबारे डा कमला तामाङको मन्तव्य

****** ० ******

**नेपाल-संविधान दिवस**

नेपालमा आज संविधान दिवस मनाइँदैछ। यस अवसरमा काठमाडौँ उपत्यकाको टुँडिखेलमा आयोजित कार्यक्रममा नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तित्वको उपस्थिति थियो। कार्यक्रममा हेलिकप्टरले पुष्पवृष्टि गरेको थियो भने ढुकुरलाई स्वतन्त्रता र शान्तिको प्रतीकका रुपमा उडाइएको थियो भने कार्यक्रममा सांस्कृतिक प्रस्तुतिहरु समेत गरिएको थियो।यसैबीच नेपालका राष्टपति रामचन्द्र पौडेलले नेपालको संविधानले केन्द्रीकृत र एकात्मक शासन प्रणालीले थोपेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी जातीय, धार्मिक, सांस्कृतिक र भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत्तर राष्ट्रिय एकताको सूत्रमा बाँधेको बताउनुभएको छ।

****** ० ******

**गोर्खा दुःख निवारक सम्मेलन**

गोर्खा दुःख निवारक सम्मेलन द्वारा आयोजित पाँचौं नाटक प्रतियोगिताको आज दोस्रो दिन पाँच वटा नाट्य टोलि द्वारा नाटक मन्चन गरियो। जसमा सरकारी महाविद्यालय, दा० नेपाली स्नाकोत्तर विभाग द्वारा - क्षितिजको भ्रम,मंथन नाट्य मंच, देवी डांगा सिलगडी द्वरा -आमाको सर्घष, बिजनबारी कला संगम द्वारा - किन बाबा किन ?, टीम एल० प्रोडक्शन, मिरिक द्वारा – मसाल, हल्का टिरिक, बिजनबारी द्वारा - प्लास्टिक बोल्छ प्रमुख छन। चार दिवसीय यस नाटक प्रतियोगिताको समापन आगामी २२ सेप्टेम्बर को दिन हुनेछ साथै भोलि २० सेप्टेम्बर तेस्रो दिन पाँच वटा नाटकहरु मन्चन गरिने छ।

****** ० ******

**कालेबुङ**

कालेबुङ टाउन हलमा बिहीबार सूचना एवं सांस्कृतिक विभाग अन्तर्गत लोक तथा आदिवासी सांस्कृतिक केन्द्रको आयोजनामा जिल्ला स्तरिय लोक कलाकार सम्मेलन सफलतापूर्वक सम्पन्न भयो। उक्त कार्यक्रम जिल्ला सूचना तथा सांस्कृतिक कार्यालय, कालेबुङको व्यवस्थापनमा आयोजना गरिएको हो। कार्यक्रममा प्रमुख अतिथिका रूपमा कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टी उपस्थित थिए भने विशेष अतिथिका रूपमा कालेबुङका विधायकको उपस्थिति रहेको थियो। कार्यक्रममा कालेबुङ जिल्लाका विभिन्न क्षेत्रका लोक कलाकारहरूको सहभागिता रहेको थियो।

****** ० ******

**कालेबुंग- छैटौं अनुसूची**

छैटौं अनुसूचीको संसोधित बिललाई केन्द सरकारले संसदमा चाडै पारित गर्नुपर्छ भन्दै कालेबुङ शहरना पोस्टरिङ गरिएको छ। पिपल्स फोरमले उक्त माग गर्दै आज कालेबुङ शहरमा पोस्टरिङ गरेको हो।

****** ० ******